हे रुद्र ! तपाईं सर्व प्रधान तथा देवलोकका एक मात्र प्रधान वक्ता हुनुहुन्छ । हजूरले हामीमा सबै सर्पहरूलाई स्तभित गर्दै अरू सबै राक्षसहरूलाई जड बनाएर अधोमुख गराएर फ्याँकिदिनुहोस् ॥५॥ (वेद १६।५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

म्म्रोऽअरुणऽउतबब्भ्रुः सुमङ्गलः । येचैनꣳरुद्द्राऽअभितोदिक्क्षुश्श्रि
ताः सहस्रशोवैषाꣳ हेडऽईमहे ॥६॥ असौयोवसर्प्पतिनीलग्ग्रीवो
व्विलोहितः। उतैनङ्गोपाऽअदृश्श्रन्नदृश्श्रन्नुदहार्य्यः सदृष्टोमृडयाति
नः॥७॥ नमोस्तुनीलग्ग्रीवायसहस्राक्क्षायमीढुषे । अथोयेऽअस्यसत्त्वा
नोहन्तेब्भ्योकरन्नमः ॥८॥ प्रमुञ्चधन्न्वनस्त्वमुभयोरार्त्क्न्योर्ज्ज्या
म् । याश्चतेहस्तऽइषवः पराताभगवोव्वप ॥९॥ विज्ज्यन्धनुः
कपर्द्दिनोव्विशल्ल्योबाणवाँ२।ऽउत। अनेशन्नस्ययाऽइषवआभुरस्य
निषङ्गधिः ॥१०॥ यातेहेतिर्म्मीढुष्ट्टमहस्तेबभूवतेधनुः । तयास्म्मा
न्न्विश्वतस्त्वमयक्ष्मयापरिभुज ॥११॥ परितेधन्न्वनोहेतिरस्म्मान्न्वृ

अ.५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यी सूर्यरुप ताम्र, रक्त, वभ्रु र मंगलरुप रुद्र हुनुहुन्छ र अंशरुप यी सहस्र रुद्र चारै दिशाहरूमा आश्रित हुनुहुन्छ । उनी सबैको क्रोधलाई दूर याचित गर्दछौं ॥६॥ (वेद १६।६)

नीलकण्ठ भएका र विशिष्ट रूपबाट रक्ताभ जो यी रुद्र बिस्तारै-बिस्तारै सर्पण गरिरहनुभएको छ। उहाँलाई त साधारण गोपालहरूले पनि देख्दछन् र उहाँलाई जल ल्याउने सेविकाहरूले पनि देख्दछन् र हामीद्वारा भय पूर्वक देख्न देखिने वहाँ शिवले हामीहरूलाई सुखी गरिबक्सियोस् ॥७॥ (वेद १६।७)

नीलकण्ठ तथा हजारौं शिर भएका र सेचन समर्थ उहाँ रुद्रदेवलाई नमस्कार गर्दछु । उहाँ रुद्रका जो गणहरू छन् म उनीहरूलाई पनि नमस्कार गर्दछु ॥८॥ (वेद १६।८)

हे रुद्र ! तपाई धनुषका दुवै कोटीहरूद्वारा प्रत्यञ्चालाई पृथक् गर्नुहोस् । तपाईंको हातमा जो वाण आएका छन् । हे भगवान रुद्र ! तपाई उनलाई कही अन्यत्र नै फ्याँकिदिनुहोस् ॥९॥ (वेद १६।९)

वहाँ जटाधारी शिवको धनुष मौर्वी रहित भयो । वहाँ विना शल्यवाणधारी हुनुहुन्छ । अब उहाँका सबै वाणहरू निष्फल भइसके र उहाँको धनु राख्ने खोक्रो (कोश) पनि खालि भइसक्यो ॥१०॥ (वेद १६।१०)

हे अत्यन्त सेचन समर्थ ! तपाईंको हातमा जो वाणायुध र जो धनुष छन्, यस्ता तपाईंले रोगरहित गराएर तपाईं हामीलाई सबैतिरबाट पालन गर्नुहोस् ॥११॥ (वेद १६।११)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

णक्तुव्विश्वतः । अथोयऽइषुधिस्तवारेऽअस्म्मन्निधेहितम् ।।१२।।
अवतत्यधनुष्ट्वꣳ सहस्राक्षशतेषुधे । निशीर्य्यशल्ल्यानाम्मुखाशिवो
नः सुमनाभव ।।१३।। नमस्तऽआयुधायानाततायधृष्ण्णवे । उभाब्भ्या
अ.५ मुततेनमोबाहुब्भ्यान्तवधन्न्वने ।।१४।। मानोमहान्तमुतमानोऽअर्ब्भक अ.५
म्मानऽउक्षन्तमुतमानऽउक्षितम् । मानोव्वधीꣳ पितरम्मोतमातर
म्मानः प्प्रियास्तन्न्वोरुद्द्ररीरिषꣳ ।।१५।। मानस्तोकेतनयेमानऽआ
युषिमानोगोषुमानोऽअश्श्वेषुरीरिषꣳ । मानोव्वीरान्रुद्द्रभामिनोव्वधीर्ह
विष्म्मन्तꣳ सदमित्त्वाहवामहे ।।१६।। ॐ अस्त्रायफट् । पुनर्न्नमस्ते
षोडशकं जपेत् । इदं प्रथमवारमेव । नमोहिरण्ण्यबाहवे सेनान्न्येदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे रुद्र ! तपाई धनुषधारीको बाणबाट हामीलाई सबैतिरबाट बचाउनुहोस् । जो तपाईंको भरिएको तरकस छ । उसलाई तपाई हामीहरूदेखि टाढा राखिदिनुहोस् ॥१२॥ (वेद १६।१२)

हे सहस्राक्ष ! हे शततुणीखन् रुद्र ! त्यो आफ्नो धनुषलाई ढिला गरेर ती बाणहरूका अग्रशल्यहरूलाई टाढा गरेर तपाई हामीप्रति कृपालु हुनुहोस् ॥१३॥ (वेद १६।१३)

तपाईंले नतन्काएको धर्षक आयुधलाई नमस्कार गर्दछु । तपाईंका दुवै हातलाई नमस्कार गर्दछु र तपाईंका धनुषलाई पनि नमस्कार गर्दछु ॥१४॥ (वेद १६।१४)

हे रुद्र तपाइं हाम्रा कुनैपनि महान् व्यक्तिहरूलाई नमार्नुहोस् । कुनैपनि शिशुलाई नमार्नुहोस् । परिसिक्त गर्भलाई नष्ट नगर्नुहोस् । तपाइं हाम्रा पितालाई नमार्नुहोस् र हाम्री आमालाई पनि नमार्नुहोस् । हे रुद्र ! तपाई हाम्रो प्रिय शरीरलाई पनि नष्ट नगर्नुहोस् ॥१५॥ (वेद १६।१५)

हे रुद्र ! तपाई हाम्रा नातिमा, पुत्रमा, हामीमा र गाई, अश्वादिमा क्रोधित नहुनुहोस् । हे रुद्र ! तपाइं हाम्रा क्रोधी वीरहरूलाई पनि नष्ट नगर्नुहोस् । हामी सदा नै भावयुक्त भएर तपाइंको आह्वान गर्दछौं ॥१६॥ (वेद १६।१६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शाञ्चपतयेनमोनमोव्वृक्षेब्भ्योहरिकेशेब्भ्यः पशूनाम्पतयेनमोनमः
शष्पिञ्जरायत्त्विषीमतेपथीनाम्पतयेनमोनमोहरिकेशायोपवीतिने
पुष्टानाम्पतयेनमोनमोबब्भ्लुशाय ॥१७॥ नमोबब्भ्लुशायव्व्याधिनेन्ना
नाम्पतयेनमोनमोभवस्यहेत्त्यैजगताम्पतयेनमोनमोरुद्द्रायाततायिनेक्षे
अ.५ त्त्राणाम्पतयेनमोनमः सूतायाहन्त्यैव्वना नाम्पतयेनमोनमोरोहिताय अ.५
॥१८॥ नमोरोहितायस्त्थपतयेव्वृक्षाणाम्पतयेनमोनमोभुवन्तयेव्वारि
वस्कृतायौषधीनाम्पतयेनमोनमोमन्त्रिणेव्वाणिजायकक्क्षाणाम्पतयेन
मोनमऽउच्चैर्ग्घोषायाक्क्रन्दयतेपत्तीनाम्पतयेनमोनमः कृत्स्नायतया
॥१९॥ नमः कृत्स्नायतयाधावतेसत्त्वनाम्पतयेनमोनमः सहमानायनि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हिरण्यबाहु भएका सेनाहरूलाई नमस्कार गर्दछु । दिशाहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु । हरिया पातरूपी केशहरूले युक्त वृक्षहरूलाई नमस्कार गर्दछु । पशुका पालकलाई नमस्कार गर्दछु । वालतृणका समान पीतवर्ण तेजस्वी रुद्रलाई नमस्कार गर्दछु । मार्ग रक्षक रुद्रलाई नमस्कार गर्दछु । नीला केश भएका जराहीन यज्ञोपवीतधारी र गुणपूर्ण मनुष्यहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु ॥१७॥ (वेद १६।१७)

बभ्रुवर्ण भएका रुद्रलाई नमस्कार गर्दछु । शत्रुलाई भेदन गर्ने भएका रुद्रलाई नमस्कार गर्दछु । अन्नका स्वामीलाई नमस्कार गर्दछु । भगवान् भवका आयुधलाई नमस्कार गर्दछु । सबै लोक तथा चर प्राणीहरूका अधिपति रूद्रलाई नमस्कार गर्दछु । खेतहरूका रक्षक रुद्रलाई नमस्कार गर्दछु । अहन्ता र सबको जीवनलाई चलाउने भएका रुद्रलाई नमस्कार गर्दछु । वनहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु ॥१८॥ (वेद १६।१८)

लोहितवर्ण, स्थपति (गृहादिका कर्ता) र वृक्षहरूका स्वामीलाई नमस्कार गर्दछु । भू-मण्डलका विस्तारक, धनकर्ता र औषधीहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु । मन्त्री र व्यापारी तद्रूपीलाई नमस्कार गर्दछु । वन तथा लतादिकका पालक रुद्रलाई नमस्कार गर्दछु । तुमुलध्वनिकारी आक्रादन गर्ने भएका तथा पदातीत सेनाका नायक रुद्रलाई हामीहरू नमस्कार गर्दछौं ॥१९॥ (वेद १६।१९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्याधिनऽआव्याधिनीनाम्पतयेनमोनमोनिषङ्गिणेककुभायस्तेनानाम्प
तयेनमोनमोनिचेरवेपरिचरायारण्यानाम्पतयेनमोनमोव्वञ्चते ॥२०॥
नमोव्वञ्चतेपरिवञ्चतेस्तायूनाम्पतयेनमोनमोनिषङ्गिणऽइषुधिमतेत
स्कराणाम्पतयेनमोनमः सृकायिभ्योजिघाꣳसद्भ्योमुष्णताम्प
तयेनमोनमोसिमद्भ्योनक्तञ्चरद्भ्योव्विकृन्तानाम्पतयेनमः ॥२१॥
नमऽउष्णीषिणेगिरिचरायकुलुञ्चानाम्पतयेनमोनमऽइषुमद्भ्यो
धन्वायिभ्यश्च्चवोनमोनमऽआतन्वानेभ्यः प्रतिदधानेभ्यश्च्च
वोनमोनमऽआयच्छद्भ्योस्यद्भ्यश्च्चवोनमोनमोव्विसृजद्भ्यः ॥२२॥

अ.५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कानसम्म तानिएको धनुषलाई लिएर युद्धमा दौड्ने भएका रुद्रलाई नमस्कार गर्दछु। सात्त्विक वा शरणागत प्राणीहरूका पालक रुद्रलाई नमस्कार गर्दछु। शत्रुहरूलाई अभिभूत गर्ने भएका, अत्यन्त वेधनशील तथा विदारिणी सेनाहरूका स्वामीलाई नमस्कार गर्दछु। निषंगधारी, महान् र चोरहरूका पालक रुद्रलाई नमस्कार गर्दछु। लुटेरा, डाँकाहरूका पालक र जङ्गलका स्वामी रुद्रलाई नमस्कार गर्दछु ॥२०॥ (वेद १६।२०)

वंचक-परिवंचक र चोरहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु। खड्गधारी बाणवान् तस्करहरूका स्वामी रुद्रलाई नमस्कार गर्दछु। आयुधधारी हिंसेच्छुक वा चोरी गर्ने भएका डाँकुहरूका पालक रुद्रलाई नमस्कार गर्दछु ॥२१॥ (वेद १६।२१)

जटाजुट धारी पर्वतमा भ्रमण गर्ने भएका र खेत गृहादिका अपहर्ताका पालक रुद्रलाई नमस्कार गर्दछु। वाणधारी वा धनुषधारी रुद्रलाई नमस्कार गर्दछु। धनुषका डोरीलाई तान्ने भएका तथा प्रत्यञ्चा माथि वाणलाई संधान गर्ने भएका रुद्रलाई नमस्कार गर्दछु। धनुषहरूलाई तान्ने भएका, बाणलाई यताउति फ्याँक्ने भएका रुद्रलाई नमस्कार गर्दछु ॥२२॥ (वेद १६।२२)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमो॑व्विसृ॒जद्भ्यो॒व्विद्ध्य॑द्भ्यश्च्चवो॒नमो॒नमः॑ स्व॒पद्भ्यो॒ जाग्र॑द्
भ्यश्च्चवो॒नमो॒नम॒ꣳ शयाने॑भ्य॒ऽआसीने॑भ्यश्च्चवो॒नमो॒नम॒स्तिष्ठ॑द्
भ्यो॒धाव॑द्भ्यश्च्चवो॒नमो॒नमः॑ स॒भाभ्यः॑ ॥२३॥ नमः॑ स॒भाभ्यः॑
स॒भाप॑तिभ्यश्च्चवो॒नमो॒नमोऽश्वे॒भ्योऽश्व॑पतिभ्यश्च्चवो॒नमो॒नमः॑ऽ
अ.५ आव्या॒धिनी॑भ्यो व्वि॒विद्ध्य॑न्तीभ्यश्च्चवो॒नमो॒नम॒ऽउग॑णाभ्य अ.५
स्तृꣳह॒तीभ्य॑श्च्चवो॒नमो॒नमो॑ग॒णेभ्यः॑ ॥२४॥ नमो॑ग॒णेभ्यो॑ग॒णप॑
तिभ्यश्चवो॒नमो॒नमो॒व्व्राते॑भ्यो॒व्व्रात॑पतिभ्यश्चवो॒नमो॒नमो॒गृत्से॑
भ्यो॒गृत्स॑पतिभ्यश्चवो॒नमो॒नमो॒व्विरू॑पेभ्यो॒व्वि॒श्वरू॑पेभ्यश्च्च
वो॒नमो॒नम॒ꣳ सेना॑भ्यꣳ ॥२५॥ नम॒ꣳ सेना॑भ्यꣳ सेना॒निभ्य॑श्चवो॒नमो॒

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बाणहरूलाई छोडेर शत्रुहरूलाई प्रहार गर्ने तपाईं रुद्रलाई नमस्कार गर्दछु । सुत्ने तथा जागरण गर्ने भएका तपाईं शिवलाई नमस्कार गर्दछु । सुत्नुभएका तथा बस्नुभएका तपाई रुद्रलाई नमस्कार गर्दछु । स्थिर तथा दौडिरहेका तपाईं रुद्रलाई नमस्कार गर्दछु ॥२३॥ (वेद १६।२३)

सभाहरूलाई नमस्कार गर्दछु। सभापतिहरूलाई नमस्कार गर्दछु। घोडाहरूलाई नमस्कार गर्दछु । अश्वहरूका स्वामी तपाईंलाई नमस्कार गर्दछु । राम्रोसँग प्रहार गर्ने सेनाहरूलाई नमस्कार गर्दछु । विविध रूपबाट प्रहार गरिरहेका सेनाहरूलाई नमस्कार गर्दछु । उत्कृष्ट सेवकहरूद्वारा युक्त ब्राह्मी प्रभृति मातृकाहरूलाई नमस्कार गर्दछु ॥२४॥ (वेद १६।२४)

गणहरूलाई नमस्कार गर्दछु । गणका पतिहरूलाई पनि नमस्कार गर्दछु । नाना जातिहरूका संघहरूलाई नमस्कार गर्दछु । यिनै संघहरूका स्वामीलाई नमस्कार गर्दछु । लम्पटहरूलाई नमस्कार गर्दछु । लम्पटका स्वामीलाई नमस्कार गर्दछु । जटीमुण्डी आदि विरुपहरूलाई नमस्कार गर्दछु । तुरंगवदन तथा हयग्रवी प्रभृति विश्वरूप गणहरूलाई नमस्कार गर्दछु ॥२५॥ (वेद १६।२५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नमोरथिभ्योऽअरथेभ्यश्चवोनमोनमः क्षत्तृभ्यः सङ्ग्रहीतृभ्य
श्च्चवोनमोनमोमहद्भ्योऽअर्भकेभ्यश्च्चवोनमः ॥२६॥ नमस्तक्ष
भ्योरथकारेभ्यश्च्चवोनमोनमः कुलालेभ्यः कर्म्मारेभ्यश्च्चवो
नमोनमोनिषादेभ्यः पुञ्जिष्ठेभ्यश्च्च वोनमोनमः श्वनिभ्योमृ
अ.५ गयुभ्यश्च्चवोनमोनमः श्वभ्यः ॥२७॥ नमः श्वभ्यः श्वपति अ.५
भ्यश्च्चवोनमोनमोभवायचरुद्रायचनमः शर्व्वायचपशुपतयेचनमो
नीलग्ग्रीवायचशितिकण्ठायचनमः कपर्द्दिने ॥२८॥ नमः कपर्द्दिनेच
व्युप्तकेशायचनमः सहस्राक्षायच शतधन्वनेचनमोगिरिशयायच
शिपिविष्टायच नमोमीढुष्टमायचेषुमतेचनमोह्रस्वाय ॥२९॥ नमोह्रस्वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सेनाहरूलाई नमस्कार गर्दछु र रथहीनहरूलाई पनि नमस्कार गर्दछु । रथका अति बढावाहरूलाई नमस्कार गर्दछु । रथका घोडा चलाउनेहरूलाई नमस्कार गर्दछु । महान् वीर हरूलाई नमस्कार गर्दछु र वीर शिशुहरूलाई पनि नमस्कार गर्दछु ॥२६॥ (वेद १६।२६)

(सर्वात्मा परमेश्वरको व्यापकतालाई वेदवाणीद्वारा यसरी प्रष्ट पारिएको छ ।) तक्ष (शिल्प जातिहरूलाई नमस्कार छ ।) रथ बनाउनेहरूलाई नमस्कार छ। कुमालेहरूलाई नमस्कार छ । लोहाकारहरूलाई नमस्कार छ । निषादहरूलाई नमस्कार छ । व्याधा पुल्कसहरूलाई नमस्कार छ। शिकारी तथा कुकुरहरूलाई नमस्कार छ। शिकारी कुकुरका शिकारी स्वामीहरूलाई पनि नमस्कार छ ॥२७॥ (वेद १६।२७)

कुकुरहरूलाई नमस्कार छ । कुकुरका स्वामी किराँतादिलाई नमस्कार छ । भवलाई नमस्कार गर्दछु। रुद्रलाई नमस्कार गर्दछु। शर्वलाई नमस्कार गर्दछु। पशुपति रुद्रलाई नमस्कार गर्दछु । नीलग्रीवा र शितिकण्ठ रुद्रलाई पनि नमस्कार गर्दछु ॥२८॥ (वेद १६।२८)

जटाजुट धारी शिवलाई नमस्कार गर्दछु। मुण्डीतकेश भएका रुद्रलाई नमस्कार गर्दछु। सहस्राक्ष रुद्रलाई नमस्कार गर्दछु। बहुधनुर्धारी शिवलाई नमस्कार गर्दछु। पवर्तमा शयन गर्ने शिवलाई नमस्कार गर्दछु । शिपिविष्ट (विष्णु वा आदित्यरूप रुद्र) लाई नमस्कार गर्दछु । श्वेतवर्ण भएका तथा बाणयुक्त रुद्रलाई नमस्कार गर्दछु ॥२९॥ (वेद १६।२९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यंचव्वामनायंचनमौबृहतेचव्वर्षीयसेचनमौव्वृद्धायंचसवृधेंचनमोग्ग्र्या
यचप्प्रथमायंचनमंऽआशवें ।।३०।। नमंऽआशवेंचाजिरायंचनमᳲ शी
घ्घ्र्यायचशीब्भ्यायचनमऽ ऊर्म्म्यायचावस्वन्न्यायचनमोनादेयायंचद्
अ.५ द्वीप्प्यायच ।।३१।। नमोज्ज्येष्ठायंचकनिष्ठायंचनमं÷ पूर्व्वजायंचा अ.५
परजायंचनमौमद्ध्यमायंचापगल्ल्भायंचनमौजघन्न्यायचबुध्न्यायच
नमᳲ सोब्भ्याय ।।३२।। नमᳲ सोब्भ्यायचप्प्रतिसर्य्यायचनमोया
म्म्यायचक्षेम्म्यायचनमᳲश्श्लोक्यायचावसान्न्यायचनमंऽउर्व्वर्य्याय
चखल्ल्यायचनमोवन्न्याय ।।३३।। नमोव्वन्न्यायचकक्क्ष्यायचनमं÷
श्श्रवायंचप्प्रतिश्श्रवायंचनमंऽआशुषेणायचाशुरंथायचनमᳲ शूरां

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ह्स्वरूप भएका रुद्रलाई नमस्कार गर्दछु । वामनरूपधारी रुद्रलाई नमस्कार गर्दछु । सबैभन्दा महान् स्वरुप भएका रुद्रलाई नमस्कार गर्दछु । अधिकवर्षा गर्ने रुद्रलाई नमस्कार गर्दछु। वृद्ध रूप रुद्रलाई नमस्कार गर्दछु। अनुभव प्राप्त भएका रुद्रलाई नमस्कार गर्दछु। श्रेष्ठ र प्रधानभूत रुद्रलाई नमस्कार गर्दछु ॥३०॥ (वेद १६।३०)

सम्पूर्ण जगत्मा व्याप्त भएका भगवानलाई नमस्कार गर्दछु । गतिशील भगवानलाई नमस्कार गर्दछु । क्षिप्रकारी भगवान्लाई नमस्कार गर्दछु । जलप्रवाही भगवान्लाई नमस्कार गर्दछु । लहरयुक्त भगवान्लाई नमस्कार गर्दछु । स्थिर जलयुक्त भएका भगवा्नलाई नमस्कार गर्दछु । नदीरूप उत्पन्न भगवानलाई नमस्कार गर्दछु । द्वीपरूप उत्पन्न भएका भगवान्लाई पनि नमस्कार गर्दछु ॥३१॥ (वेद १६।३१)

जेष्ठरूप भगवान्लाई नमस्कार गर्दछु । पूर्वजलाई नमस्कार गर्दछु । पछि जन्मनेलाई नमस्कार गर्दछु । मध्यमलाई नमस्कार गर्दछु र अप्रगल्भलाई नमस्कार गर्दछु । जघन्यलाई नमस्कार गर्दछु तथा निम्नस्थलाई पनि नमस्कार गर्दछु ॥३२॥ (वेद १६।३२)

गन्धर्व नगरमा उत्पन्न भएका वा पापपुण्यज मनुष्य लोकमा उत्पन्न भएका यिनलाई नमस्कार गर्दछु। विवाह उचित हस्तसूत्र अथवा अभिचारोत्पन्नलाई नमस्कार गर्दछु। पापीहरूलाई र नरकमा आर्ति प्रदान गर्नेलाई नमस्कार गर्दछु तथा कुशलोत्पन्नलाई नमस्कार गर्दछु । योग्य

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यचावभेदिनेचनमोबिल्मिनें ॥३४॥ नमोबिल्मिनेचकवचिनेचनमो

व्वर्म्मिणेचव्वरूथिनेचनमः श्श्रुतायचश्श्रुतसेनायचनमोदुन्दुभ्भ्याय

चाहनन्न्यायचनमोधृष्णवें ॥३५॥ नमोधृष्णवेचप्प्रमृशायचनमोनिष

अ.५ ङ्गिणेचेषुधिमतेचनमस्तीक्ष्णेषवेचायुधिनेचनमः स्वायुधायचसुध अ.५

न्न्वनेच ॥३६॥नमः स्रुत्याय चपत्थ्यायचनमः काट्यायचनीप्प्यायच

नमः कुल्ल्यायचसरस्यायचनमोनादेयायचव्वैशन्तायचनमः कूप्प्याय

॥३७॥ नमः कूप्प्यायचावट्यायचनमोव्वीद्ध्र्यायचातप्प्यायचनमोमे

घ्यायचव्विद्युत्त्यायचनमोव्वर्ष्यायचावर्ष्यायचनमोव्वात्याय ॥३८॥

नमोव्वात्यायचरेष्म्म्यायचनमोव्वास्तव्व्यायचव्वास्तुपायचनमः सोमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोकलाई नमस्कार गर्दछु। समाप्ति वा वेदान्तद्वारा सम्बन्धितलाई नमस्कार गर्दछु। उब्जा हुने भूमिमा उत्पन्न हुने धानादिलाई नमस्कार गर्दछु। खलिहानोत्पन्न वस्तुलाई नमस्कार गर्दछु ॥३३॥ (वेद १६।३३)

वनमा उत्पन्न हुने वृक्षादिलाई नमस्कार गर्दछु। कक्ष, गुल्मादि रूपमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। शब्द प्रतिशब्द रूपलाई नमस्कार गर्दछु। शीघ्र गति सेना भएकालाई तथा शीघ्रर थिलाई नमस्कार गर्दछु। सुर एवं शत्रुलाई भेदन गर्नेलाई नमस्कार गर्दछु ॥३४। (वेद १६।३४)

शिरस्त्राण र शरीररक्षक वर्मधारीलाई नमस्कार गर्दछु। हात्ती माथि चढ्ने माउतेहरूलाई नमस्कार गर्दछु। प्रसिद्ध वीर एवं प्रसिद्ध सेनापतिलाई नमस्कार गर्दछु। दुन्दुभि शब्द र वादनदण्डलाई नमस्कार गर्दछु ॥३५॥ (वेद १६।३५)

धर्षक तथा विमर्शकारी पण्डितलाई नमस्कार गर्दछु। खड्गधारी एवं बाणधारीलाई नमस्कार गर्दछु। तीक्ष्ण बाणहरू भएका तथा आयुधवान् वीरहरूलाई नमस्कार गर्दछु। शोभन आयुध भएका र शुभ धनुष भएकालाई नमस्कार गर्दछु ॥३६॥ (वेद १६।३६)

क्षुद्र मार्गभएका र विस्तृत मार्ग भएकालाई नमस्कार गर्दछु। विषम मार्ग वा ठूलो नहरमा उत्पन्न भएकालाई नमस्कार गर्दछु। पर्वतका अधोभागमा वा कुलोआदिमा उत्पन्न भएकालाई नमस्कार गर्दछु। सरोवर, नदी तथा तलाउमा उत्पन्न भएकालाई नमस्कार गर्दछु ॥३७॥ (वेद १६।३७)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ.५ यचरुद्रायचनमस्ताम्म्रायचारुणायचनमः शङ्गवे ॥३९॥ नमः शङ्ग
वेचपशुपतयेचनमऽउग्ग्रायचभीमायचनमोग्ग्रेवधायचदूरेवधायच
नमोहन्त्रेचहनीयसेचनमोव्वृक्षेब्भ्योहरिकेशेब्भ्योनमस्ताराय ॥४०॥
नमः शम्भवायचमयोभवायचनमः शङ्करायचमयस्करायच
नमः शिवायचशिवतरायच ॥४१॥ नमः पार्य्यायचावार्य्यायचनमः
प्प्रतरणायचोत्तरणायचनमस्तीर्थ्यायचकूल्ल्यायचनमः शष्प्याय
चफेन्न्यायचनमः सिकत्त्याय ॥४२॥ नमः सिकत्त्याय चप्प्रवाह्याय
यचनमः किंशिलायचक्षयणायचनमः कपर्द्दिनेचपुलस्तयेचनमऽ
इरिण्यायचप्प्रपत्थ्यायचनमोव्व्रज्ज्याय ॥४३॥ नमोव्व्रज्ज्याय अ.५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कुवा, वन, छाया र आतपमा उत्पन्नलाई नमस्कार गर्दछु। मेघमा तथा विद्युतमा उत्पन्नलाई नमस्कार गर्दछु। वर्षामा एवं वृष्टि रहितमा उत्पन्नलाई नमस्कार गर्दछु ॥३८॥ (वेद १६।३८)

वायुचक्रमा र प्रलयमा विद्यमान रहने रुद्रलाई नमस्कार गर्दछु। गृहभूमिमा तथा गृहभूमिका पालकलाई नमस्कार गर्दछु। उमा सहित रूद्र तथा सोमलाई नमस्कार गर्दछु। ताम्रवर्ण र अरुणवर्ण भएका शंकरलाई नमस्कार गर्दछु ॥३९॥ (वेद १६।३९)

सुखकारी पशुहरूका स्वामी र उग्रस्वभाव भएका रुद्रलाई नमस्कार गर्दछु। भीमस्वरुप शत्रुहरूलाई बध गर्ने भएका रुद्रलाई नमस्कार गर्दछु। टाढा रहेर दुष्टलाई नष्ट गर्ने तथा हन्ता र अहन्तालाई पनि नमस्कार गर्दछु। हरिया पातरूपी केश भएका वृक्षहरूलाई र संसारबाट तार्ने रुद्रलाई पनि नमस्कार गर्दछु ॥४०॥ (वेद १६।४०)

सुख स्वरुप भगवान्‌लाई नमस्कार गर्दछु। कल्याणमय भगवान्‌लाई नमस्कार गर्दछु। सुख कारी भगवान्‌लाई नमस्कार गर्दछु। मोक्षकारी भगवान्‌लाई नमस्कार गर्दछु। शिवस्वरूप भगवान्‌लाई नमस्कार गर्दछु। अत्यन्त शुभस्वरूप पापनाशक भगवान्‌लाई नमस्कार गर्दछु ॥४१॥ (वेद १६।४१)

संसारबाट पार जीवनमुक्त महापुरूष रूपमा उत्पन्न एवं साधारण मध्यम मानव रूपमा उत्पन्नलाई नमस्कार गर्दछु। मन्त्रजपादि द्वारा र उत्कृष्ट तत्त्वज्ञान द्वारा मुक्ति पाउनेहरूलाई नमस्कार गर्दछु। प्रयागादि तीर्थमा उत्पन्न र गंगादि नदीका किनारामा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। कुशादिरूपमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चगोष्ठ्यायचनमस्तल्प्यायचगेह्यायचनमोहृदय्यायचनिवेष्प्यायच

नमः काट्यायचगह्वरेष्ठायचनमः शुष्क्याय ॥४४॥ नमः शुष्क्या

यचहरित्यायचनमः पाᳪ सव्यायचरजस्यायचनमोलोप्यायचोल

प्यायचनमऽऊर्व्यायचसूर्व्यायचनमः पर्णाय ॥४५॥ नमः पर्णाय

अ.५ चपर्णशदायचनमऽउद्गुरमाणायचाभिघ्नतेचनमऽआखिदतेचप्प्र अ.५

खिदतेचनमऽइषुकृद्भ्योधनुष्कृद्भ्यश्चचवोनमोनमोव ः किरि

केभ्योदेवानाᳬ हृदयेभ्योनमोविचिन्वत्केभ्योनमोविक्षिणत्के

भ्योनमऽआनिर्हतेभ्यः ॥४६॥ द्रापेऽअन्धसस्पतेदरिद्रनीललोहित

॥ आसाम्प्रजानामेषाम्पशूनाम्माभेर्म्मारोङ्मोचनः किञ्चनाम

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नदीको रूपमा फेनादिको रूपमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु ॥४२॥ (वेद १६।४२)

बालुवामा उत्पन्न स्तोत्रोत्पन्न र साना-साना ढुङ्गाहरूमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। स्थिर जल प्रदेशलाई नमस्कार गर्दछु। जटाजुटधारी शिवलाई तथा अन्तर्यामी शिवलाई नमस्कार गर्दछु। वितृणदेशमा उत्पन्न तथा उत्कृष्ट मार्ग सम्भूतलाई नमस्कार गर्दछु ॥४३॥ (वेद १६।४३)

गाईको समूहमा उत्पन्न, गोभूमिमा उत्पन्न शय्यामा उत्पन्न र घरमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। हृदयमा उत्पन्न आवर्त वा निहार जलमा उत्पन्नलाई नमस्कार गर्दछु। दुर्गम प्रदेश वा कूपमा तथा गिरि, गुफाहरूमा स्थितलाई नमस्कार गर्दछु ॥४४॥ (वेद १६।४४)

सुकेका काठादिमा र हरिया पातादिमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। धूलोमा तथा रजकणमा उत्पन्नलाई नमस्कार गर्दछु। अगम्य प्रदेशमा उत्पन्न र कुक्षादि तृण विशेषमा उत्पन्न हुनेलाई नमस्कार गर्दछु। भूमिमा उत्पन्न र कल्पानलमा (रूख) उत्पन्न हुनेलाई नमस्कार गर्दछु ॥४५॥ (वेद १६।४५)

पर्ण (पात) लाई र पातविखण्डन गर्नेलाई नमस्कार गर्दछु। उद्यमवानलाई तथा तत्काल मार्नेलाई नमस्कार गर्दछु। सबै प्रकारबाट दुःख दिने वा प्रकृष्टताबाट दुःखदातालाई नमस्कार गर्दछु। वाण बनाउने र धनुष बनाउनेलाई पनि नमस्कार गर्दछु। वृष्टि आदिद्वारा जगत् उत्पन्न गर्ने कर्ता तथा देवहरूका हृदयमा प्रधानभूत, अग्निवायु, आदित्य रूपका तीन रुद्रलाई नमस्कार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मत् ।।४७।। इमारुद्द्रायतवसेकपर्द्दिनेक्षयद्द्वीरायप्प्रभरामहेमतीः।
यथाशमसद्द्विपदेचतुष्प्पदेविश्श्वम्पुष्टङ्ग्रामेऽअस्म्मिन्ननातुरम् ।।४८।।
यातेरुद्द्रशिवातनूःशिवाव्विश्श्वाहाभेषजी । शिवारुतस्यभेषजीतया
नोमृडजीवसे ।।४९।। परिनोरुद्द्रस्यहेतिर्व्वृणक्तुपरित्त्वेषस्यदुर्म्मतिर
अ.५ घायोः। अवस्त्थिरामघवद्भ्यस्तनुष्ष्वमीढ्वस्तोकायतनयायमृड अ.५
।।५०।। मीढुष्टमशिवतमशिवोनः सुमनाभव ।। परमेव्वृक्षऽआयुध
न्निधायकृत्तिंव्वसानऽआचरपिनाकम्बिभ्रदागहि ।।५१।। व्विकिरि
द्द्रव्विलोहितनमस्तेऽअस्तुभगवः। यास्तेसहस्रꣳहेतयोन्न्यमस्म्मन्नि
वपन्तुताः।।५२।। सहस्राणिसहस्रशोबाह्वोस्तवहेतयः। तासामीशानो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गर्दछु । पापी र धर्मात्माहरूलाई पृथक् गर्ने यी अग्न्यादिहरूलाई नमस्कार गर्दछु । पापलाई विविध रूपबाट विनष्ट गर्ने अग्न्यादिलाई तथा सर्गादिमा लोकहरूद्वारा वहिर्भूत यी अग्नि वायु-सूर्यलाई नमस्कार गर्दछु ॥४६॥ (वेद १६।४६)

समस्त पापीहरूलाई कुत्सित गति प्राप्त गराउने भएका हे सोमका पालक ! हे महाअकिंचन ! हे नीलकण्ठ ! प्रजाहरू र पशुहरूलाई तथा अन्य कुनैलाई पनि भयभीत नगर्नुहोस् । कसैलाई पनि रोगी नगर्नुहोस् । हाम्रा कुनै पनि पशुप्रभृति विशूचकादि रोगी नहोऊन् ॥४७॥ (वेद १६।४७)

बलवान् जटाजुटधारी तथा वीर शत्रुहरूलाई नाश गर्ने भएका रुद्रको लागि स्तुतिहरू सम्पादित गर्दछौं । जसद्वारा हाम्रा द्विपाद मनुष्यादि तथा चतुष्पाद गाई आदिको कल्याण होस् र हाम्रो यस ग्राममा सबै स्वस्थ र आपत् रहित होऊन् ॥४८॥ (वेद १६।४८)

हे रुद्र ! तपाईंको जो अत्यन्त शान्त शरीर छ । जो सदा शान्त वा औषधी स्वरूप छ । शरीरका रोगहरूलाई एकमात्र औषधी छ, आफ्नो त्यो शरीरद्वारा जीवनको लागि हामीलाई प्रसन्न गराउनुहोस् ॥४९॥ (वेद १६।४९)

तपाईंको आयुधहामीलाई टाढाबाट नै छोडिदिनुहोस् । त्यो हिंसाइच्छुक एवं प्रदीप्त रुद्रको हिंसक बुद्धि पनि हामीलाई टाढाबाट नै छोडिदिनुहोस् । (तपाईंले मार्ने काम नसोच्नुहोस् ।) हे सेचन समर्थ ! धनवान् यजमान्हरुको लागि तपाईं आफ्नो तानेको प्रत्यञ्चालाई खुकुलो गर्नुहोस् । हे रुद्र ! हाम्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवः पराचीनामुखाकृधि ॥५३॥ असंख्यातासहस्राणियेरुद्राऽअ
धिभूम्याम् । तेषाᳪसहस्रयोजनेवधन्वानितन्मसि ॥५४॥ अस्मि
न्महत्त्यर्णवेन्तरिक्षेभवाऽअधि । तेषाᳪसहस्रयोजनेवधन्वानितन्म
सि ॥५५॥ नीलग्रीवाः शितिकण्ठादिवᳪ रुद्राऽऽउपश्रिताः । अ.५
अ.५ तेषाᳪसहस्रयोजनेवधन्वानितन्मसि ॥५६॥ नीलग्रीवाः शितिकण
ठाः शर्वाऽअधः क्षमाचराः तेषाᳪसहस्रयोजनेवधन्वानितन्मसि
॥५७॥ येव्वृक्षेषुशष्पिञ्जरानीलग्रीवाव्विलोहिताः । तेषाᳪसहस्र
योजनेवधन्वानितन्मसि ॥५८॥ येभूतानामधिपतयोव्विशिखासः
कपर्दिनः तेषाᳪसहस्रयोजनेवधन्वानितन्मसि ॥५९॥ येपथाम्पथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पौत्रादिहरूमा दया गर्नुहोस् ॥५०॥ (वेद १६।५०)

हे अत्यन्त सेचनसमर्थ ! हे अत्यन्त कल्याणकारि, कल्याण स्वरूप तपाइं हाम्रा प्रति प्रसन्न चित्त हुनुहोस् । तपाई आफ्नो धनुषादिलाई कुनै अग्लो वृक्षमाथि राखेर तथा चर्मलाई धारण गरेर भ्रमण गर्नुहोस् । आफ्नो पिनाकलाई धारण गरेर हाम्रा नजिक आउनुहोस् । ॥५०॥ (वेद. १६।५०)

हे बाणहरूलाई वर्षा गर्ने भएका ! हे विशिष्ट स्त्ताभ ! हे भगवान् ! तपाईंलाई नमस्कार गर्दछु । तपाईका जो हजारौं रोगहरू छन्, ती सबै हाम्रा शत्रुमाथि लागुन् ॥५२॥ (वेद १६।५२)

हे रुद्र ! तपाईंका हातमा हजारौं प्रकारका हजारौं हतियारहरू छन् । हे भगवन् ! तपाई ती हतियार हरूलाई संयमित गरेर हामीहरूभन्दा अन्यत्र भिन्न दिशामा नै प्रयोग गर्नुहोस् ॥५३॥ (वेद १६।५३)

पृथ्विीमाथि जो हजारौं, असंख्य रुद्रहरू छन् । ती सबैलाई हामीहरू मन्त्रबलद्वारा झुकाउन सकौं ॥५४॥ (वेद १६।५४)

यो विशाल मेघाधार एवं अन्तरिक्षमा जो असंख्य रुद्रहरू छन् । हामीहरू उहाँका अनुकम्पाले धनुषहरूलाई हजारौं योजन टाढा झुकाउन सकौं ॥५५॥ (वेद १६।५५)

नीलकण्ठ वा श्वेतकण्ठ भएका जो रुद्र पृथ्वीभन्दा तल भ्रमण गर्नुहुन्छ । हामीहरू उहाँका अनुकम्पाले धनुषलाई हजारौं योजन टाढा झुकाइदिन सकौं ॥५६॥ (वेद १६।५६)

नीलकण्ठ वा श्वेतकण्ठ भएका जो रुद्र पृथ्वीभन्दा तल भ्रमण गर्नुहुन्छ । हामीहरू उहाँका

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रक्षयऽऐलबृदाऽआयुर्य्युधः तेषाꣳ सहस्रयोजनेवधन्न्वानितन्न्मसि
॥६०॥ येतीर्त्थानिप्प्रचरन्तिसृकाहस्तानिषङ्गिणः तेषाꣳसहस्रयोजनेव
धन्न्वानितन्न्मसि ॥६१॥ येन्नेषुव्विविद्ध्यन्तिपात्त्रेषुपिबतोजनान्
अ.५ । तेषाꣳ सहस्रयोजनेवधन्न्वानितन्न्मसि ॥६२॥ यऽएतावन्तश्चभू अ.५
याꣳसश्च्चदिशोरुद्द्राव्वितस्थिरे । तेषाꣳसहस्रयोजनेवधन्न्वानितन्न
मसि ॥६३॥ नमोस्तुरुद्द्रेब्भ्योयेदिवियेषांव्वर्षमिषवः तेब्भ्योदशप्प्रा
चीर्द्दशदक्षिणादशप्प्रतीचीर्द्दशोदीचीर्द्दशोर्द्ध्वाः॥ तेब्भ्योनमोऽअस्तु
तेनोवन्तुतेनोमृडयन्तुतेयन्द्विष्मोयश्चनोद्द्वेष्टितमेषाञ्जम्भेदद्ध्
मः॥६४॥ नमोस्तुरुद्द्रेब्भ्योयेन्तरिक्षेयेषांव्वातऽइषवः तेब्भ्योदशप्प्रा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धनुषलाई हजारौं योजन टाढा झुकाउन सकौं ॥५७॥ (वेद १६।५७)

वृक्षहरूमा जो रुद्र बालतृण द्वारा पहेंलो, नीलोकण्ठ वा राता नेत्रयुक्त हुनुहुन्छ । उहाँकै धनुषहरूलाई हामीहरू हज्जारौं योजन टाढा झुकाउन सकौं ॥५८॥ (वेद १६।५८)

जुन रुद्र प्राणीहरूका अधिपति हुनुहुन्छ । जसका विविध शाखा छन् । अथवा जटाजुटधारी हुनुहुन्छ । उहाँका धनुषलाई हामी हजारौं योजन टाढा झुकाइदिन सकौं ॥५९॥ (वेद १६।५९)

जो रुद्र मार्गहरूमा मार्गरक्षक, अन्नलाई धारक तथा यावत् जीवनकर्ता हुनुहुन्छ, हामीहरू उहाँका धनुषहरूलाई हजारौं योजन टाढा झुकाउन सकौं ॥६०॥ (वेद १६।६०)

फाँसीका डोरीयुक्त हात भएका तथा तरबारयुक्त जो रुद्र वितर्थमा भ्रमण गर्नुहुन्छ, हामीहरू उहाँका धनुषलाई हजारौं योजन टाढा झुकाइदिन सकौं ॥६१॥ (वेद १६।६१)

जो रुद्र अन्न खाँदा मनुष्यहरूलाई मार्नुहुन्छ र भाँडामा पानी पिउँदा मानिसहरूलाई मार्नुहुन्छ, हामीहरू उहाँका धनुषलाई हजारौं योजन टाढा झुकाइदिन सकौं ॥६२॥ (वेद १६।६२)

जो थोरै अथवा धेरै रुद्रहरू यस भूमिको दिशा विदिशामा फैलिनुभएको छ । हामीहरू उहाँका धनुषलाई हजारौं योजन टाढा झुकाइदिन सकौं ॥६३॥ (वेद १६।६३)

जो रुद्र द्युलोकमा स्थित हुनुहुन्छ र जसका बाण वर्षाको पानी समान छन्, उनै रुद्रलाई नमस्कार गर्दछु । पूर्वतिरबाट म उहाँका लागि आफ्ना दश औंला जोडेर प्रार्थना गर्दछु । दक्षिण

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चीर्द्दशदक्क्षिणादशप्प्रतीचीर्द्दशोदीचीर्द्दशोद्ध्वा ऽ। तेब्भ्योनमो ऽ अस्तुतेनोवन्तुतेनोमृडयन्तुतेयन्द्विष्म्मोयश्चनोद्द्वेष्ट्टितमेषाञ्जम्भेदद् ध्मः ॥६५॥ नमोस्तुरुद्द्रेब्भ्योयेपृथिव्व्यांयेषामन्नमिषवः तेब्भ्योद शप्प्राचीर्द्दशदक्क्षिणादशप्प्रतीचीर्द्दशोदीचीर्द्दशोद्ध्वा ऽ। तेब्भ्योन मोऽअस्तुतेनोवन्तुतेनोमृडयन्तुतेयन्द्विष्म्मोयश्चनोद्द्वेष्ट्टितमेषाञ्जम्भे द्ध्मः ॥६६॥ अ.५

(पुनर्नमस्ते षोडशकं जपेत् ।)

इति पञ्चमोऽध्यायः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिशाबाट म उहाँका लागि दश औंला जोडेर प्रार्थना गर्दछु। पश्चिम दिशाबाट दश औंला जोडेर प्रार्थना गर्दछु। उत्तर दिशाबाट दश औंला जोडेर प्रार्थना गर्दछु। माथिल्लो दिशाबाट पनि दश औंला जोडेर नमस्कार गर्दछु। वहाँले हामीहरूलाई बचाइ बक्सियोस् र उहाँले हामीहरूलाई सुखी गरिबक्सियोस्, हामी जोसँग द्वेषगर्दछौं र जो हामीसँग द्वेष गर्दछन् उनीहरूलाई हामी रुद्रका मुखमा होमिदिन्छौं ॥६४॥ (वेद १६।६४)

ती रुद्रलाई नमस्कार गर्दछु जो अन्तरिक्षमा स्थित हुनुहुन्छ। जसका वाणवायु छन् उनलाई म पूर्व, पश्चिम, उत्तर, दक्षिण चारैतिरबाट तथा माथिबाट पनि दश औंला जोडेर प्रार्थना गर्दछु। उहाँलाई हाम्रो नमस्कार प्राप्त होस्। वहाँले हामीलाई बचाइ बक्सियोस् र उहाँले हामीहरूलाई सुखी गरिबक्सियोस्। हामी जोसँग द्वेष गर्दछौं र जो हामीसँग द्वेषगर्दछन् उनीहरूलाई हामी रुद्रका मुखमा होमिदिन्छौं ॥६५॥ (वेद १६।६५)

उनै रुद्रलाई नमस्कार गर्दछु जो पृथ्वीमा स्थित हुनुहुन्छ। अन्न नै जसका वाण छन्। उनै रुद्रलाई पूर्व-दक्षिण, पश्चिम-उत्तर तथा माथिबाट दश औंला जोडेर नमस्कार गर्दछु। वहाँलाई मेरो नमस्कार प्राप्त होस्। वहाँले हामीहरूलाई बचाइ बक्सियोस् तथा वहाँले हामीहरूलाई सुखी गरिबक्सियोस्। हामी जोसँग द्वेष गर्दछौं र जो हामीसँग द्वेष गर्दछन् उनीहरूलाई हामी रुद्रका मुखमा होमिदिन्छौं ॥६६॥ (वेद १६।६६)

पाँचौं अध्यायको नामसरी टीका समाप्त।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठोऽध्यायः ।

हरिः ॐ एषतेरुद्रभागः सहस्वस्राम्बिकयातञ्जुषस्वस्वाहैषतेरुद्र
भागऽआखुस्तेपशुः ॥१॥ अवरुद्रमदीमह्यवदेवन्त्र्यम्बकम् । यथानो
अ.६ व्वस्यसस्करद्यथानः श्श्रेयसस्करद्यथानोव्व्यवसाययात् ॥२॥ अ.६
नमस्तेरुद्रमन्न्यवऽउतोतऽइषवेनमः । बाहुब्भ्यामुततेनमः ॥३॥
यातेरुद्रशिवातनूरघोरापापकाशिनी । तयानस्तन्न्वाशन्तमयागिरि
शन्ताभिचाकशीहि ॥४॥ नतम्विदाथयऽइमाजजानान्यद्युष्म्माकमन्तं
रम्बभूव । नीहारेणप्प्रावृताजल्प्याचासुतृपऽउक्थशासश्चरन्ति ॥५॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छैटौं अध्यायको नामसरी टीका प्रारम्भ ।

हे रुद्र ! यो अतिरिक्त पुरोडास तपाईंको हविरांश हो । आफ्नी बैनी अम्बिकाका (शरद ऋतु) साथ तपाईं सेवन गर्नुहोस् । तपाईं रुद्रको लागि यो आहुति छ । हे रूद्र ! यही नै तपाईंको हविरान्न हो । मुसो तपाईंको पशु हो ॥१॥ (वेद ३।५७)

हामीहरूले त्र्यम्बक रुद्रदेवलाई अलग्गै भोजन गराउँदछौं । वहाँ प्रसन्न भएर हामीहरूलाई यो धरातलमा धेरै बस्ने र यशवान् बनाइयोस् । तथा हामीलाई सबै कार्यमा पार लगाइयोस् ॥२॥ (वेद ३।५८)

हे रुद्र ! तपाईंको क्रोधलाई नमस्कार गर्दछु । तपाईंको बाणलाई पनि नमस्कार गर्दछु । प्रभु तपाईंका दुई हातलाई पनि नमस्कार गर्दछु ॥३॥ (वेद १६।१)

हे रुद्र ! तपाईंको जो शरीर मंगलकारी, अघोर र पापको फललाई नष्ट गर्दछ । पर्वतमा निवास गर्ने अत्यन्त शान्त शरीरद्वारा सुख प्रदान गर्ने हे रुद्र ! तपाईं हामीलाई कृपा दृष्टिले हेर्नुहोस् ॥४॥ (वेद १६।२)

हे जीवहरू ! तिमीहरूले उनी विश्वकर्मालाई जान्दैनौ कि जसले यिनै प्राणीहरूलाई उत्पन्न गरे र जो तिम्रै भित्र व्याप्त रहेका छन् । अविद्याको समान तुच्छ अज्ञानले आवृत्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अ.६

विश्श्वकर्म्म्मा॑ह्यजनिष्ट्टदेवऽआदिद्गन्धर्व्वोऽअभवद्द्वितीय॑÷ ।
तृतीय॑÷ पिताजनितौषधीनामपाङ्गर्भव्व्यदधात्त्पुरुत्त्रा ॥६॥ मीढुष्ट्टम
शिवतमशिवोन॑÷ सुमनाभव । परमेव्वृक्क्षऽआयुधन्निधायकृत्तिंव्व
सानऽआचरपिनाकम्बिभ्भ्रदागहि ॥७॥ व्विकिरिद्द्रविलोहितनमस्त्तेऽ
अस्तुभगवः । यास्तेसहस्रं हेतयोन्न्यमस्म्मन्निवपन्तुताः ॥८॥ सह
स्राणिसहस्रशोबाह्वोस्तवहेतय॑÷ तासामीशानोभगवः पराचीनामुखा
कृधि ॥९॥ असङ्ख्यातासहस्राणियेरुद्द्राऽअधिभूम्म्याम् । तेषांᳫं
सहस्रयोजनेवधन्न्वानितन्न्मसि ॥१०॥ ॐ व्वय ंसोमव्व्रतेतवम
नस्त्तनूषुबिभ्भ्रतः प्रजावन्तः सचेमहि ॥११॥ एषतेरुद्द्रभागः सहस्व

अ.६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जीवभावबाट तँ-तँ- र म-म भन्ने भएका प्राणीहरूलाई तर्पित हुनमा नै स्वतृप्ति मान्ने भएका तथा यज्ञहरूमा विविध स्वर्गादि प्राप्त हुने स्तोत्रहरूलाई उच्चारित गर्ने भएर पनि संसारमा भ्रमण गर्दछन् ॥५॥ (वेद १७।३१)

विश्वमा सर्वप्रथम उनै विश्वकर्माले नै गर्भभावलाई प्राप्त गरे। तदन्तर पृथ्वी वा वाणीलाई धारण गर्ने भएका (गन्धर्व) अग्नि उत्पन्न भए। औषधीहरूलाई उत्पन्न वा पोषण गर्ने भएका पर्जन्य उत्पन्न भए। उहाँले विविध जललाई गर्भमा धारण गर्नुभयो ॥६॥ (वेद १७।३२)

हे अत्यन्त सेचनमसर्थ ! हे अत्यन्त कल्याणकारि ! कल्याण स्वरुप तपाईं हामी प्रति प्रसन्न हुनुहोस्। तपाई आफ्नो धनुषादिलाई कुनै अग्लो वृक्षमाथि राखेर तथा चर्मलाई धारण गरेर भ्रमण गर्नुहोस्। आफ्नो पिनाकलाई धारण गरेर हाम्रा नजिक आउनुहोस् ॥७॥ (वेद १६।५१)

हे बाणहरूलाई वर्षा गर्ने भएका ! हे विशिष्ट रक्ताभ ! हे भगवान् ! तपाईंलाई नमस्कार गर्दछु। तपाईंका जो हजारौं रोगहरू छन्। ती सबै हाम्रा शत्रुहरू माथि लागून् ॥८॥ (वेद १६।५२)

हे रुद्र ! तपाईंका हातमा हजारौं प्रकारका हजारौं हतियारहरू छन्। हे भगवान् ! तपाई ती हतियारहरूलाई संयमित गरेर हामीहरूभन्दा अन्यत्र भिन्न दिशामा नै प्रयोग गर्नुहोस् ॥९॥ (वेद १६।५३)

पृथिवीमाथि जो हजारौं, असंख्य रुद्रहरू छन्। ती सबैलाई हामीहरू मन्त्रबलद्वारा झुकाईदिन सकौं ॥१०॥ (वेद १६।५४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्राम्बिकयातञ्जुषस्वस्वाहैषतेरुद्रभागऽआखुस्तेपशुः ॥१२॥ अवरु
द्रमदीमह्यवदेवन्त्र्यम्बकम् । यथानोव्वस्यसस्करद्यथानःश्श्रेयस
स्करद्यथानोव्व्यवसाययात् ॥१३॥ भेषजमसिभेषजङ्गवेश्श्वायपुरुषा
यभेषजम् । सुखम्मेषायमेष्ष्यै ॥१४॥ त्र्यम्बकंय्यजामहेसुगन्धिम्पुष्टि
वर्द्धनम् । उर्व्वारुकमिवबन्धनान्मृत्योर्म्मुक्षीयमामृतात् । त्र्यम्ब
कंय्यजामहेसुगन्धिम्पतिवेदनम् । उर्व्वारुकमिवबन्धनादितोमुक्षीय
मामुतः ॥१५॥ एतत्तेरुद्रावसन्तेनपरोमूजवतोतीहि । अवततधन्न्वा
पिनाकावसःकृत्तिवासाऽअहिंसःसन्नःशिवोतीहि ॥१६॥ त्र्यायुष
ञ्जमदग्नेःकश्यपस्यत्र्यायुषम् । यद्देवेषुत्त्र्यायुषन्तन्नोऽअस्तुत्त्र्यायु

अ.६ अ.६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हे सोम ! तपाईंका अभिषवादि कर्ममा आफ्नो शरीरमा मनलाई धारण गरेर पुत्रादि सन्तानयुक्त भएर हामी विद्यमान बनौं ॥११॥ (वेद ३।५६)

हे रुद्र ! यो अतिरिक्त पुरोडास तपाईंको हविरांश हो । आफ्नी बैनी अम्बिकाका (शरद ऋतु) साथ तपाईं सेवन गर्नुहोस् । तपाईं रुद्रको लागि यो आहुति छ । हे रुद्र ! यही नै तपाईंको हविरान्न हो । मुसो तपाईंको पशु हो ॥१२॥ (वेद ३।५७)

हामीहरू त्र्यम्बक रुद्रदेवलाई अलग्गै भोजन गराउँदछौं । वहाँ प्रसन्न भएर हामीहरूलाई यो धरातलमा धेरै बस्ने र यशवान बनाऊन् तथा हामीलाई सबै कार्यमा पार लगाऊन् ॥१३॥ (वेद ३।५८)

हे रुद्र ! तपाईं स्वयं औषधी रूप हुनुहुन्छ । अतः गाई, अश्व वा पुरुषहरूको लागि तपाईं भेषज प्रदान गर्नुहोस् । हाम्रा गृहपशुहरूलाई सुख दिनुहोस् ॥१४॥ (वेद ३।५९)

सुगन्धयुक्त तथा अन्नादिलाई पुष्टि गरी बढाउने भएका त्रिनेत्रशिवको हामीहरू भजन गर्दछौं । हे त्र्यम्बकं ! पाकेका खरबुजाका समान हामीहरू मृत्यु बन्धनबाट बचौं । परन्तु अमृतबाट होइन । कन्याहरूको लागि सुगन्धवान् पतिलाई प्राप्त गराइदिने भएका त्रिनेत्र शिवलाई हामीहरू पूजन गर्दछौं । पाकेका खरबुजाका समान हामी कुमारीहरू विवाह उपरान्त

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षम् ॥१७॥ शिवोनामासिस्वधितिस्तेपितानमस्ते॒ऽअस्तुमामाहि ६ः
सीः। निर्वर्त्तयाम्म्यायुषेन्नाद्यायप्प्रजननायरायस्पोषायसुप्प्रजास्त्वा
यसुवीर्य्याय ॥१८॥

अ.६ इति षष्ठोऽध्यायः । अ.६

ईश्वरो वरदो नित्यं वृषगामी त्रिशूलधृक् ।
त्रिनेत्र दक्षमथनो रुद्रशान्तिर्ददातुमाम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यो पितृगृहबाट अलग्ग बनौं । परन्तु पतिगृहबाट कहिल्यै पनि विमुक्त नबनौं ॥१५॥ (वेद ३।६०)

हे रुद्र ! यो अतिरिक्त पुरोडाश तपाईंको शाम्बल (मार्गको लागि भोजन) हो । तपाईं त्यसको साथ मुञ्जनवान् पर्वतबाट पनि टाढा जानुहोस् । आफ्नो पिनाकबाट (धनुष) ज्या लाई निकालेर पिनाकलाई नै शाम्बल कल्पित गरेर हात्तीको चर्मलाई धारण गर्दै हामीहरूलाई हिंसित नगरीकन कल्याण स्वरुप भएर तपाईं त्यतैतिर जानुहोस् ॥१६॥ (वेद ३।६१)

हे रुद्र ! जमदग्नि ऋषिका बालक, युवा र बृद्ध गरेर तीन थरी आयु छन् । त्यस्तै कश्यप ऋषिका पनि तीन थरीका आयु छन् । एवं रीतले देवताहरूमा पनि तीन थरीका आयु छन् । त्यस्तै गरेर ती तीन थरीका आयु हामीहरूका लागि पनि प्राप्त होऊन् ॥१७॥ (वेद ३।६२)

केश मुण्डन गर्दा छुरालाई हातमा लिएर हे छुरा ! तिम्रो नाम शिव हो । बज्र तिम्रा पिता हुन्, म तिमीलाई नमस्कार गर्दछु । तिमी हामीलाई हिंसित नगर म आयुष्य, पाचकत्व, प्रजोत्पादन, धनको पुष्टि (बृद्धि) को लागि सुन्दर सन्तान प्राप्त गर्नको लागि तथा राम्रो पराक्रमको लागि केश मुण्डित गर्दछु ॥१८॥ (वेद ३।६३)

छैटौं अध्यायको नामसरी टीका समाप्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ सप्तमोऽध्यायः ।

हरिः ॐ उग्ग्रश्श्च भीमश्श्चध्वान्तश्श्चधुनिश्श्च । सासह्वाँश्श्चा
भियुग्वाचव्विक्षिपःꣳ स्वाहा ॥१॥ अग्निꣳ हृदयेनाशनिꣳ हृदयाग्ग्रेणपशु
पतिङ्कृत्स्नहृदयेनभवंय्यक्ना । शर्व्वम्मतस्न्नाब्भ्यामीशानम्मन्न्युनाम
हादेवमन्त ꣳ पर्शव्व्येनोग्ग्रन्देवंव्वनिष्ठुनाव्वसिष्ठहनु ꣳ शिङ्गीनिको
श्याब्भ्याम् ॥२॥ उग्ग्रँल्लोहितेनमित्त्र ꣳ सौव्व्रत्त्येनरुद्द्रन्दौर्व्वत्त्येनेन्द्रम्प्र
क्क्रीडेनमरुतोबलेनसाद्ध्यान्प्प्रमुदा । भवस्यकण्ठ्यꣳ रुद्द्रस्यान्त
ꣳ पार्श्व्यम्महादेवस्ययकृच्छर्व्वस्यव्वनिष्ठुः पशुपतेꣳ पुरीतत् ॥३॥ अ.७
लोमब्भ्यꣳ स्वाहा लोमब्भ्यꣳ स्वाहात्त्वचेस्वाहात्त्वचेस्वाहालोहिताय

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सातौं अध्यायको नामसरी टीका प्रारम्भ ।

उग्र, भीम, ध्वान्त, धुनि, सासहवान्, अभियुग्वा र विक्षिपमरूतहरूलाई यो आहुति हो ॥१॥ (वेद ३९।७)

अश्वका हृदयबाट अग्नि देवतालाई प्रीणित गर्दछु । हृदयका अगाडिबाट अशनि देवतालाई प्रीणित गर्दछु । समस्त हृदयखण्डबाट पशुपति देवलाई, यकृतबाट भवलाई, मतस्नायु द्वारा शर्वलाई, मन्यद्वारा ईशानलाई पार्शब्यद्वारा भित्रका मांस महादेवलाई, ठूला आँतहरूद्वारा उग्रदेवलाई र वशिष्ठहरू वा हृदयलाई शिर्षस्थ मांसखण्डहरूबाट शिङ्गिदेवलाई प्रीणित गर्दछु ॥२॥ (वेद ३९।८)

रक्तद्वारा उग्रलाई, अश्वका शुभ कार्यहरूद्वारा मित्रदेवलाई अश्वका दुष्टकर्महरूद्वारा रुद्रलाई पक्रीडनद्वारा इन्द्रलाई, बलद्वारा मरुतलाई तथा प्रमुदद्वारा साध्यहरूलाई प्रीणित गर्दछु । भवको कण्ठस्थ मांस हो । रुद्रको पार्शव्यहरू भित्रको मांस हो । महादेवलाई यकृत हो । शर्वलाई ठूलो आँत हो र पशुपतिलाई पुरीतत नाडी हो ॥३॥ (वेद ३९।९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाहालोहितायस्वाहामेदोभ्भ्य ᳬ स्वाहामेदोभ्भ्य ᳬ स्वाहा । मा ᳪ
सेभ्भ्य ᳬ स्वाहामा ᳪ सेभ्भ्य ᳬ स्वाहास्नावभ्भ्य ᳬ स्वाहास्नावभ्भ्य ᳬ
स्वाहाऽस्त्थभ्भ्य ᳬ स्वाहाऽस्त्थभ्भ्य ᳬ स्वाहामज्जभ्भ्य ᳬ स्वाहामज्ज
भ्भ्य ᳬ स्वाहा रेतसेस्वाहापायवेस्वाहा ॥४॥ आयासायस्वाहाप्प्रायासा
अ.७ यस्वाहासंय्यासायस्वाहाव्वियासायस्वाहोद्यासायस्वाहा । शुचेस्वाहा अ.७
शोचतेस्वाहाशोचमानायस्वाहाशोकायस्वाहा ॥५॥ तपसेस्वाहातप्प्यते
स्वाहातप्प्यमानायस्वाहातप्तायस्वाहाघर्म्मायस्वाहा । निष्कृत्यैस्वाहा
प्प्रायश्चित्त्यैस्वाहाभेषजायस्वाहा ॥६॥ यमायस्वाहान्तकायस्वाहा
मृत्यवेस्वाहा । ब्रह्मणेस्वाहाब्ब्रह्महत्यायैस्वाहाव्विश्श्वेभ्भ्योदेवेभ्भ्य
ᳬ स्वाहाद्यावापृथिवीभ्भ्या ᳪ स्वाहा ॥७॥ इति सप्तमोऽध्यायः ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोमहरूको लागि स्वाहा । त्वचाकोलागि स्वाहा । रोहित (रक्त) को लागि स्वाहा । मेदको लागि स्वाहा । मांशको लागि स्वाहा । स्नायुहरूको लागि स्वाहा । अस्थिहरूको लागि स्वाहा । मज्जाहरूको लागि स्वाहा । वीर्यको लागि स्वाहा । गुदाको लागि स्वाहा ॥४॥ (वेद ३९।१०)

आयास, प्रयास, संयास, वियास, उद्यास शुच (शोक) प्राप्त गर्दै शोचमान र शोकको लागि स्वाहा ॥५॥ (वेद ३९।११)

तपको लागि स्वाहा । तप गर्नको लागि स्वाहा । तप्यमानको लागि स्वाहा । तप्तको लागि स्वाहा । धर्मको लागि स्वाहा । निष्कृतिको लागि स्वाहा । प्रायश्चित्तको लागि स्वाहा । भेषजको लागि स्वाहा ॥६॥ (वेद ३९।१२)

यज्ञको लागि स्वाहा । अन्तकको लागि स्वाहा । मृत्युको लागि स्वाहा । ब्रह्मको लागि स्वाहा । ब्रह्महत्याको लागि स्वाहा । विश्वेदेवहरूको लागि स्वाहा । द्यावापृथिवीको लागि स्वाहा ॥७॥ (वेद ३९।१३)

सातौं अध्यायको नामसरी टीका समाप्त ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अथ अष्टमोऽध्यायः ।

हरिः ॐ व्वाजश्श्चमेप्प्रसवश्श्चमेप्प्रयतिश्श्चमेप्प्रसितिश्श्चमेधीति
श्श्चमेक्क्रतुश्श्चमेस्वरश्श्चमेश्लोकश्श्चमेश्श्रवश्श्चमेश्श्रुतिश्श्चमे
ज्ज्योतिश्श्चमेस्वश्श्चमेयज्ञेनकल्प्पन्ताम् ॥१॥ प्राणश्श्चमेपानश्च्चमे
व्व्यानश्श्चमेसुश्श्चमेचित्तञ्चमऽआधीतञ्चमेव्वाक्चमेमनश्श्चमे
चक्क्षुश्श्चमेश्श्रोत्रञ्चमेदक्क्षश्श्चमेबलञ्चमेयज्ञेनकल्प्पन्ताम् ॥२॥
ओजश्च्चमेसहश्श्चमऽआत्क्माचमेतनूश्श्चमेशर्म्मचमेव्वर्म्मचमेङ्गानि
चमेस्थीनिचमेपरूꣳषिचमेशरीराणिचमऽआयुश्च्चमेजराचमेयज्ञेन
कल्प्पन्ताम् ॥३॥ ज्ज्यैष्ठ्यञ्चमऽआधिपत्त्यञ्चमेमन्न्युश्च्चमेभा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आठौं अध्यायको नामसरी टीका प्रारम्भ ।

अन्न, अन्नदानको अनुज्ञा, शुद्धि, अन्नविषयकऔत्सुक्य, ध्यान, संकल्प, साधुशब्द, श्लोक, यश, श्रुति, ज्योति र स्वर्ग मलाई यज्ञद्वारा प्राप्त होस् ॥१॥ (वेद १८।१)

प्राण, अपान, व्यान, प्रवृत्तिमान्, वायु, चित्त, बाह्यविषय ज्ञान, वाक्, मन, चक्षु, श्रोत्र, ज्ञानेन्द्रिय कौशलता, कर्मेन्द्रिय कौशलता मलाई यज्ञद्वारा प्राप्त होस् ॥२॥ (वेद १८।२)

ओज, बल, आत्मशक्ति, पुष्ट शरीर, कवच, अङ्गप्रत्यङ्ग अस्थिहरू, पर्व, विविध, शरीर, आयु र वृद्ध अवस्था मलाई यज्ञद्वारा प्राप्त होस् ॥३॥ (वेद १८।३)

जेष्ठत्व, आधिपत्य, क्रोध, तेज, बल, जय, सामर्थ्य, महिमा प्रजाहरूको विशालता, गृहक्षेत्रादिको विस्तार, दीर्घ जीवन, अविच्छिन्नवंशत्व, प्रभूत अन्न, धनादि, विद्यादि गुणोत्कर्ष मलाई यज्ञद्वारा प्राप्त होस् ॥४॥ (वेद १८।४)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मश्च्चमेमश्च्चमेऽभश्च्चमेजेमाचमेमहिमाचमेव्वरिमाचमेप्प्रथिमा
चमेव्वर्षिमाचमेद्द्राघिमाचमेव्वृद्धञ्चमेव्वृद्धिश्चमेयज्ञेनकल्प्पन्ताम्
॥४॥ (न०) सत्त्यञ्चमेश्श्रद्धाचमेजगच्चमेधनञ्चमेविश्श्वञ्चमेमहश्च्च
मेक्क्रीडाचमेमोदश्च्चमेजातञ्चमेजनिष्ष्यमाणञ्चमेसूक्त्तञ्चमेसुकृत
अ.८ ञ्चमेयज्ञेनकल्प्पन्ताम् ॥५॥ ऋतञ्चमेमृतञ्चमेयक्ष्मञ्चमेनामयच्च अ.८
मेजीवातुश्चमेदीर्घायुत्वञ्चमेनमित्रञ्चमेभयञ्चमेसुखञ्चमेशयनञ्च
मेसूषाश्चमेसुदिनञ्चमेयज्ञेनकल्पन्ताम् ॥६॥ यन्ताचमेधर्ताचमेक्क्षेम
श्च्चमेधृतिश्च्चमेव्विश्श्वञ्चमेमहश्च्चमेसंव्विच्चमेज्ञात्रञ्चमेसू
श्च्चमेप्रसूश्च्चमेसीरञ्चमेलयश्च्चमेयज्ञेनकल्पन्ताम् ॥७॥ शञ्चमे

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सत्य, श्रद्धा, जगत्, धन, विश्व, तेज, क्रीडा, मोद, सन्तान, वंशपरम्परा, सूक्त र पुण्य मलाई यज्ञद्वारा प्राप्त होस् ॥५॥ (वेद १८।५)

ऋत, अमृत, अरोगत्व, अनामयत्व, जीवन, दीर्घायु, अशत्रुत्व, अभय, सुख, शयन, शुभ, ऊषाकाल, तथा सुदिन (यज्ञ, ध्यान, दानादि गर्ने दिन) मलाई यज्ञद्वारा प्राप्त होस् ॥६॥ (वेद १८।६)

